"समुन्नत इलाम सम्पन्न इलामेली"

इलाम नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

Green Ilam

पत्र संख्याः ०८१/८२ (कृषि विकास शाखा)

च.नं.: १५४६

भानुपथ, इलाम
कोशी प्रदेश, नेपाल।
मितिः २०८१।१०।०२
ने.सं.: ११४५ पोहेलागा २ बुधवार

**विषयः शित भण्डार पुर्वाधार (कोल्डरुम/ कोल्ड च्याम्बर)निर्माणका लागि प्रस्ताव आव्हान गरिएको बारे सूचना।**

**तेस्रो पटक( मिति २०८१/१०/०२)**

इलाम नगरपालिकाको आ. व.२०८१/०८२ को बजेट तथा कार्यक्रम अन्तर्गत सहकारी संस्था वा कृषक समूहहरुको न्युनतम ३० प्रतिशत लागत सहभागितामा प्रस्तावको आधारमा इलाम नगरपालिका भित्र निर्माण गरिने संख्या (१)एक सामुदायिक शित भण्डार (कोल्डरुम / कोल्ड च्याम्बर) निर्माण योजना देहायका शर्तहरु पालना गरि कार्यान्वयन गर्न इच्छुक प्रचलित कानुन बमोजिम दर्ता तथा अद्यावधिक रहेका इलाम नगरपालिका भित्र रहेका कृषि सहकारी वाअन्य सहकारी संस्था वा कृषक समूहहरुले यो सूचना प्रकाशन भएको मितिले ७(सात ) दिन भित्रमा इलाम नगरपालिका नगरकार्यपालिकाको कार्यालय, कृषि विकास शाखामा तपशीलको कागजात सहित प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ, म्याद नाघि पेश हुने प्रस्ताव उपर कुनै कारवाही नहुने व्यहोरा समेत अनुरोध छ ।

**शर्तहरु**

१. शित भण्डार निर्माण कार्यक्रम संचालनका लागि लाभग्राहीका रुपमा रहेका कृषि सहकारी वा कृषक समूहले प्रस्ताव पेश गर्न सक्नेछन।

२.लाभग्राहीको प्रस्तावमा एक भन्दा बढी वडाका क्षेत्रहरु समेट्ने प्रस्तावलाई प्राथमिकता दिईनेछ।

३.प्रस्तावको अन्तिम छनौट कार्यपालिकाको बैठकबाट गरिनेछ।

४. छनौट भइ संझौता हुनु अगाडी नै लाभग्राहीको तर्फबाट अनिवार्य रुपमा व्यहोर्नु पर्ने न्युनतम तीस प्रतिशत लागत सहभागिताको रकम रु २,१०,०००।- इलाम नगरपालिकाको बैंक खातामा जम्मा गर्नु पर्नेछ ।

५. शित भण्डार पुर्वाधार (कोल्डरुम/ कोल्ड च्याम्बर) निर्माण गर्दा लागि सहकारी संस्था/ कृषक समूहको आफ्नै नाममा दर्ता रहेको एउटै प्लटमा रहेको न्युनतम १ रोपनी जग्गामा मात्र बनाउनु पर्नेछ।

६ प्रस्तावित जग्गाका लागि विद्युत लाईन ३ फेज र न्युनतम ४ मिटर बाटोको पहुच पुगेको हुनुपर्नेछ।

७. सामग्री तथा औजार यन्त्र तथा उपकरण खरिद पुर्वाधार निर्माण गर्नुपरेमा निर्माण कार्य गर्दा इन्जिनियरिङ्ग प्राविधि इस्टिमेट साथै डिजाइन र स्पेशिफिकेसन अनुसार र सार्वजनिक खरिद ऐन २०६३ र नियामावली २०६४ अनुसार खरिद गर्नुपर्नेछ।

८.लाभग्राहीको प्रस्ताव छनौट भई सकेपछि अनिवार्य रुपमा लागतको ३० प्रतिशत रकम जम्मा गरि सकेपछि मात्र कार्यक्रम सम्झौता गरि कार्यक्रम संचालन गर्नुपर्नेछ।

९. शित भण्डार पुर्वाधार (कोल्डरुम/ कोल्ड च्याम्बर) निर्माण यन्त्र उपकरण जडान प्रयोजनका लागि मात्र खर्च गर्नुपर्नेछ।

१०.उल्लेखित योजना आ.व. २०८१/०८२ वैशाख मसान्तसम्ममा सम्पन्न गरी हिसाव फरफारक गर्नुपर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

Phone No.:- ०२७-५२००९७, ०२७-५२००३१, Website:- www.ilammun.gov.np
Email:-info@ilammun@gov.np, mun.ilam@gmail.com

CamScanner

"समुन्नत इलाम सम्पन्न इलामेली"
इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

Green Ilam

पत्र संख्याः ०८१/८२ (कृषि विकास शाखा)
च.नं.: १५४६

भानुपथ, इलाम
कोशी प्रदेश, नेपाल।
मितिः २०८१।१०।०२
ने.सं.: ११४५ पोहेलागा २ बुधवार

**प्रस्ताव साथ संलग्न गर्नु पर्ने कागजातहरु**

- निवेदन
- संस्था वा समूह दर्ताको कृषक समूह दर्ता / नविकरण प्रमाणको प्रतिलिपि।
- कृषि समुह/ सहकारी संस्था दर्ता/नविकरण प्रमाण– पत्रको प्रतिलिपि ।
- संस्था /समूहको संचालक समितिको निर्णय प्रतिलिपि।
- संस्था वा समूहको PAN, VAT प्रमाण– पत्रको प्रतिलिपि।
- संचालक समितिका सदस्यहरुको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि।
- शित भण्डार (कोल्डरुम/ कोल्ड च्याम्बर) पुर्वाधार निर्माणका लागि न्युनतम १ रोपनी भन्दा वा सो भन्दा बढी क्षेत्रफल भएको सहकारी / कृषक समूहको नाममा रहेको जग्गा धनीपूर्जा प्रमाण- पत्रको प्रतिलिपि।
- गत आ.व.को लेखापरीक्षण प्रतिवेदन प्रमाणित प्रतिलिपि।
- व्यवसायिक योजना।
- सम्बन्धित वडा कार्यालयको सिफारीस।
- स्वः घोषणा पत्र साथै प्रतिवद्धता पत्र।

गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत

Phone No.:- ०२७-५२००९७, ०२७-५२००३१, Website:- www.ilammun.gov.np
Email:-info@ilammun@gov.np, mun.ilam@gmail.com

CamScanner